# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७८/०१/०३

### सातौं अधिवेशन

### (अठारौं बैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको सातौं अधिवेशनको अठारौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**ढ्यापढ्यापेमा माननीय कुलविर चौधरी**

माननीय सभामुखज्यू सर्वप्रथम नयाँ बर्षको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहान्छु । बेलौरी नगरपालिका वडा नं.२ बस्ने राजेश चौरासियाको घरमा गएको १ गतेका दिन विद्युत तार सर्ट भइ निजको घरमा आगलागि भएको हुनाले उसले लगाएका आङमा लगाएका कपडा बाहेक सबै जलेर नष्ट भएको छ उसका घरमा भएका धानचालम जलेर नष्ट भएको छ र सिलाई मशीन जलेर नष्ट भएको छ, साईकल जलेर नष्ट भएको छ र पानी सिंचाई गर्ने मोटर पनि जलेर नष्ट भएको छ त्यसो भएको हुनाले उसका सम्पूर्ण घर निर्माणका लागि काठहरु पनि संकलन गरेर राखेको त्यो पनि जलेर नष्ट भएको छ त्यसो भएको हुनाले सभामुख मार्फत यो सदनलाई जानकारी गराउदै र प्रदेश सरकारबाट छिटो भन्दा छिटो निजलाई क्षतिपूर्ति प्राप्त होस भन्ने अनुरोध गर्न चाहान्छु धन्यवाद ।

**माननीय सदस्यहरु,**

माननीय कर्ण बहादुर मल्लले यस सभाको लगातार १० वटा वैठकमा उपस्थित हुन नसक्नाको कारण सहितको सूचना मिति २०७७/१२/३१ गते सचिवालयमा दर्ता गराउनु भएको हुँदा उक्त सूचनालाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १८५ को उपनियम ४ बमोजिम सभाबाट स्वीकृतिका लागि प्रस्तुत गर्दछु ।

**माननीय सदस्यहरु,**

नयाँ वर्ष २०७८ को अवसरमा शुभकामना मन्तव्यका साथै समसामयिक विषयहरुमा बोल्नका लागि विशेष समय निर्धारण गरेको छु ।

**सर्वप्रथम आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, नेपालीहरुको महान पर्वको रुपमा रहेको नयाँ बर्ष २०७८ लाई हामी सबैले भव्य स्वागतका साथ त्यसको आगमलाई सम्मान, स्वीकार गरिसकेका छौ । म २०७८ सालको सबैमा सर्वप्रथम हार्दिक शुभकामना व्यक्त गर्न चाहान्छु । बर्ष २०७७ ले हाम्रो जीवनमा थुप्रै खालका अन्योलहरु नेपालीहरुको राष्ट्रिय जीवनमा थुप्रै खालका अन्योलहरु, अस्थिरताहरु, थुप्रै विपद्हरु, संकटहरु

निम्त्याएको थियो र हामीले त्यसलाई सामना गरेका थियौ । चाहे प्राकृतिक विपती भन्नुहोस चाहे कोभिड-१९ जस्तो महामारीको सामना भन्नुहोस चाहे राजनितिक क्षेत्रमा देखा परेको अन्योल होस चाहे संकट भन्नुहोस यस सबै संकटहरु, अन्योलहरु विपद्हरु कष्टहरुलाई हामीले भोगेर सामना गरेर त्यसबाट शिक्षा लिएर त्यसका अनुभुतिहरुलाई हामीले ग्रहण गरेर २०७७ साललाई हामीले विदाई गरिसकेका छौ । हाम्रो बीचमा २०७८ को आगमन भएको छ यो नयाँ बर्षमा हामीले गत साल झै राजनितिको क्षेत्रमा देखा परेका संकटहरु चाहे ती संवैधानिक संकट हुन चाहे कानूनी संकट हुन, चाहे प्राकृतिक विपद्हरु हुन, चाहे माहामारीहरु हुन हामीले फेरी झेल्न नपरोस भनेर हामी शुभकामना आदान प्रदान गरिराखेका छौ । म सबैमा सबै नेपाली दाजुभाई दिदीबहिनीहरुमा चाहे स्वदेशमा रहनु भएको होला चाहे विदेशमा हुनुहोला सबैमा सुस्वास्थ्य दीर्घ जीवन, उत्तरोउत्तर प्रगती, सुखशान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहान्छु । गत सालमा हामीले एमसिसि जस्तो मिलिनियम च्यालेन्ट कर्पोरेशन सँग सम्झौता गरेर हाम्रो देशको स्वाधिनता, सार्वसत्तामा थि नै गम्भिर समस्या ल्याउने त्यस्तो खालको सम्झौतालाई प्रतिनिधी सभामा त्यसको मुल सम्झौता पेश भएको थयो र त्यसका सम्पूर्ण अन्य सम्झौताहरु कार्यान्वयन गर्ने सम्झौताहरु ती सार्वजनिक भएका छैनन् । नेपालको कानून विदेशी कानूनबाट मिचिने र विद्युत प्रसारण लाईन र विद्युत प्रसारण लाईनले चर्चेको जमिन भू-भाग समेत विदेशीको नियन्त्रणमा जाने त्यस्तो खालको खतरा त्यो सम्झौताले अगाडी सारेको छ । त्यसै गरि हाम्रो बौद्धिक सम्पती माथिको अधिकार एकलौटी रुपमा विदेशीहरुको रहने गरी उक्त सम्झौता भएको छ । नेपालको संविधानले निर्देशीत गरेको स्वतन्त्र परराष्ट्र नीतिमा गम्भिर आघात पुग्ने गरी बाह्य शक्तिको सामरिक गठबन्धन तर्फ नेपाल धकेलिने त्यस्तो खालको चाहि गम्भिर खतरा तर्फ देश अगाडी बढेको छ । त्यसैले नेपालको आफ्नो निर्णय गर्ने अधिकारलाई कुण्ठित र आघात पार्ने गरी हाम्रो सार्वभौम सत्तामा आच आउने गरी नेपाली समाजमा नेपाली राजनितिक दलहरुमा नागरिक समाजमा यहाका बौद्धिक जगतमा छलफल नै नगरिकन नेपाली जनप्रतिनिधीहरुको बीचमा छलफलै नगरिकन जबरजस्ती अगाडी बढाउने जुन काम भएको छ यसले नेपालको राष्ट्रिय हितमा दिर्घकालीन असर पार्ने कुरा निश्चित छ । दिर्घकालीन असर पार्ने कुराको गम्भिर खतरा अगाडी बढेर गएको छ । यस तर्फ म सबैको गम्भिर ध्यानाकर्षण गराउन चाहान्छु । माननीय सभामुख महोदय मिलिनियम च्यालेन्ज कर्पोरेशन जस्तो हाम्रो राष्ट्रिय स्वाधिनत र सार्वभौम सत्तालाई कमजोर गर्ने सम्झौता जुन हुन गयो गत सालमा माहामारीको चेपेटामा नेपाली दाजुभाइ दिदीबहिनीहरु पर्नु पर्यो र ठुला ठुला प्राकृतिक विपद्हरुबाट गम्भिर प्रचाणित हुनु पर्यो । नेपाली समाजले हाम्रो प्रदेशले यति मात्र होईन धेरै लामो समय देखि लडेर ल्याएको सहिदहरुले बलिदान गरेर नेपाली जनताहरुले रगत सँग साटेर ल्याएको यो संघीय लोकतान्त्रिक गणतन्त्र छ र जनताका प्रतिनिधीहरुले बनाएको यो संविधान जुन छ यस माथि नै गम्भिर आघात पर्ने गरी नेपालको यो राजनितिक स्थिरता तर्फ यहा खतरामा नै प्रश्नचिन्ह खडा हुने गरी जुन ढंगले गत सालको पौष ५ गते जुन हटाहा ढंगले प्रतिनिधी सभाको विघठन गर्ने र नेपाललाई अस्थिरताको भूमरीमा फसाउने जुन ढंगको नेपालको कार्यकारीबाट जुन निर्णय भयो त्यसलाई सम्मानीत सर्वोच्च अदालतले फाल्गुन ११ को निर्णय मार्फत त सच्यायो तर फेरी २३ गते गएर राजनितिक दल निर्माण गर्न पाउँने र राजनितिक दल विभाजन हुन सक्ने जुन सार्वभौम अधिकार राजनितिक दलको हो त्यस माथि गम्भिर प्रहार गरेर रिट

निबेदकले मागदावी नै नगरेको विषयमा प्रवेश गरेर फेरी राजनितिक अस्थिरता तर्फ अन्योल तर्फ, विभाजन तर्फ नेपालको सार्वभौम सत्ता नेपालको अखण्डता, नेपालको स्वाधिनता, समृद्धिको यात्रा तर्फ लम्की रहेको नेपालको जुन राजनितिक गन्तव्य थियो त्यस माथि नै गम्भिर प्रश्न खडा हुने गरेर सर्वोच्च अदालतले जुन फैसला दिएको छ । सार्वभौम सत्ता जुन दलमा हुन्छ राजनितिक पार्टी निर्माण गर्ने र विभाजन गर्ने त्यसलाई खण्डित गरेको छ यस्ता घटनाहरु गत सालमा हाम्रो राष्ट्रिय राजनितिमा नेपालको राष्ट्रिय जीवनमा घटेका छन् । म कामना गर्न चाहान्छु बर्ष २०७८ मा यस्ता खालका हर्कतहरु यस्ता खालका दुसप्रयत्नहरु यो देशमा नआउन र हाम्रो देशको राजनितिको यात्रा स्थिरता तर्फ, सुशासन तर्फ, राष्ट्रिय एकता तर्फ, मेलमिलाप तर्फ अगाडी बढोस भन्ने कुरा हामी कामना गर्न चाहान्छौ । माननीय सभामुख महोदय, त्यसैले सामाजिक सद्भाव र एकता कायम रहोस, सामाजिक न्याय प्राप्त होस र नेपाली समाजमा अमन चयन शान्ति र सुव्यवस्था कायम होस । नेपाली नेपाली बीचमा एकता र स्वहादर्ता, पारस्परिक सम्मानको भाव वृद्धि होस नेपालको स्वाधिनता, नेपालको सार्वभौम सत्ता, नेपालको भौगोलिक अखण्डता र हाम्रो राष्ट्रिय स्वाभिमानमा कहि कतैबाट पनि आच आउन नसकोस भन्नका खातिर बर्ष २०७८ ले आम नेपालीमा त्यो भावनाको विकास गरोस । देशमा शान्ति होस, शान्ति सुव्यवस्था कायम होस, राजनितिक स्थायित्व तर्फको नेपालको यात्रा फेरी पनि अगाडी बढोस विभाजन होइन एकताको यात्रामा नेपालको राष्ट्रिय राजनिति अगाडी बढोस र नेपालीका बीचमा फेरी पनि भाइचराको भावना सामाजिक सद्भावनाको विकास होस र सबैको जीवनमा खुशियाली, शान्ति, अमनचयन प्राप्त होस भन्ने शुभकाना सहित पुनः सबैमा हार्दिक शुभकामना व्यक्त गर्न चाहान्छु धन्यवाद ।

**माननीय तारालामा तामाङ**

माननीय सभामुखज्यू आज हामी नयाँ बर्षको सन्दर्भ पारेर विशेष समय लिएर बोलिराखेका छौ । नयाँ बर्ष २०७८ हामी नेपालीको लागि राम्रो हुने छ । २०७७ साल आउनु अगाडी विश्वमा आक्रान्त कोरोनाले त्रयमान बनाएर २०७७ को अन्त तिर अलि सिथिल भाको फेरी २०७८ को पूर्वसन्ध्यामा यसले फेरी हाम्रो समाज, हाम्रो स्वास्थ्य, हाम्रो देशलाई अझ आक्रान्त पार्ने देखिएकोले यो २०७८ मा यो सँग लड्न सक्ने क्षमता हामीहरुलाई प्राप्त होस । नयाँ बर्ष नेपालीहरुले हामीहरुले मानेको र राष्ट्रले मानेको नत्र विभिन्न जातजातिहरुको आफ्नै नयाँ बर्षहरु छन् । तर देशले सबैले मान्ने जस्तो एउटा बर्ष बैशाख १ लाई मान्ने भा को हुनाले यो नयाँ बर्षले हाम्रो राष्ट्रियतालाई एकताको सुत्रमा बाधिएको छ र नयाँ बर्षमा खाली उमंग खुशियाली मनाउने भन्दा पनि यसलाई सरकारले अन्त के गर्छ थाहा छैन तर हाम्रो सुदूरपश्चिममा अब देखि हरेक नयाँ बर्षमा एउटा नयाँ क्रियटीभ काम सृजना हुने काम हाम्रो प्रदेश सरकार अथवा हामीले शुरु गर्ने गरी अथवा हाम्रो सुदूरपश्चिममा हरेक जनले नयाँ बर्षमा केही राम्रो काम शुरु गर्ने दिनको रुपमा शुरुवात गर्न सकोस र यो नयाँ बर्षले हामी हिजोको तिक्ततालाई हटाएर हिजोको राम्रोलाई लगातार अगाडी ल्याएर अझ राम्रो गर्ने बातावरण सृजना होस र सुदूरपश्चिमेली जनताले चाहे बमोजिमको, सोचे बमोजिमको कामहरु गर्न हाम्रो सरकार हामी जनप्रतिनिधीहरुले गर्न सकुन म नेपाल कम्प्युनिष्ट पार्टी एमाले संसदीय दलको तर्फबाट सबैमा पुनः शुभकामना दिदै विदा हुन्छु धन्यवाद ।

**माननीय रण बहादुर रावल**

माननीय सभामुख महोदय, सर्व प्रथम त नयाँ बर्ष २०७८ को उपलक्ष्यमा सम्पूर्ण सभामुखज्यू लगायत सम्पूर्ण माननीय सभासदज्यूहरुलाई र सुदूरपश्चिमका आदणीय दाजुभाइ दिदीबहिनीहरुलाई शुभकामना दिन चाहान्छु । यो नयाँ बर्ष २०७८ साच्चीकै सबैमा सु-स्वास्थको पनि कामना गर्न चाहान्छु । दिर्घायुको पनि कामना गर्न चाहान्छु । सबैको समृद्धिको पनि कामना गर्न चाहान्छु । यही रोष्टमबाटै सुदूरपश्चिमका ९ वटै जिल्लाका ८८ वटै पालिकाका लगायत सम्पूर्ण देशवासिहरुमा, प्रवासिहरुमा सबैलाई हार्दिक हार्दिक मंगलमय शुभकामना दिन चाहान्छु । यो नयाँ बर्षले अवस्य पनि एकातिर सुस्वास्थ्यको पनि राम्रो होस अर्को साथ साथै नेपाली जनताले विशेष गरि अहिले कोरोनाको कारण भोगि रहेको जो दुख छ त्यसबाट पनि मुक्ति मिलोस साथै विशेष गरि २०७२ को संविधान आए पश्चात संविधानले नेपाली जनताहरुलाई सर्वोच्चता सबै अधिकार जनतामा निहित भएको नेपाली जनतालाई सार्वभौम सत्ता सम्पन्न पनि बनाएको सन्दर्भमा यो लोकतन्त्रलाई फेरी एक किसिमले तरलता हाम्रै नजिकका सहयात्री नेपाल कम्प्यूनिष्ट पार्टी विगतका नेकपाको अहिलेको सम्माननीय प्रधानमन्त्रीज्यू अनि राष्ट्रपतिज्यूबाट जुन संविधानमै असंवैधानिक कदमहरु चाल्ने कामहरु भयो त्यस्ता कामहरु साहेद नआउन र जनतामा साच्चीकै एक किसिमको जो निरासता त्यो राजनैतिक कर्मीहरुको जुन हिसाबले अहिलेको संघीय मन्त्रीपरिषद्का प्रमुख र संघीय हाम्रो नेपालको राष्ट्रपतिज्यूबाट भएको छ त्यसबाट नेपाली जनतामा ठुलो आघात महसुस भएको छ । मलाई लाग्छ अब आउदा दिनहरुमा लोकतन्त्र बलियो होस, संविधान अझ बलियो भएर अगाडी आवस र नेपाली जनताले आशा गरे अनुसारको अब आउदा दिनहरुमा आर्थिक समृद्धि र अधिकारहरुबाट सुसुचित हुन भन्दै शुभकामना दिन चाहान्छु । फेरी पनि यही सन्दर्भमा शुभकामना मेरो मात्र नभएर मेरा सहकर्मी साथिहरु नेपाली कंग्रेस संसदीय दल सुदूरपश्चिमका माननीय साथिहरुको तर्फबाट सबैको शुभकामना छ । अब अहिलेको सन्दर्भमा समग्रस्थिति हेर्दा २०७७/०७८ अथवा २०७७ भर्खरै गएको २०७७ सालको समिक्षा गर्नु पर्दा सबैलाई प्रष्ट भएकोले म धेरै समिक्षा त गर्न चाहादैन तत्पश्चात पनि एकातिर संघीय सरकारले काण्डै काण्डहरु गर्ने कामहरु पनि गरेकै देखिन्छ । लिस्ट निकै लामो बनेको छ । यत्रो जनताबाट अनुमोदित जनताले झण्डै झण्डै दुइतिहाइको सरकार बनाउने जिम्मा दिदा नेकपासँग जोडिएका सबै पक्षहरुको सबै तल देखि माथिसम्म म सबैलाई दोष दिन चाहान्न जिम्मेवार व्यक्तित्वहरु छन् उहाहरुले एक किसिमको चाहि यसलाई देशलाई संचालन गर्नु पर्थ्यो त्यो जिम्मेवारी जनताको मार्फत प्राप्त भएको थियो त्यो जिम्मेवारी बास्तवमा बहन गर्न नसक्दा आज देश संकटको अवस्थामा छ । आज हरेक सत्ता पक्षकै साथिहरु एकदमै पिडाबोध भैरहेको छ । होटेलहरु जसले यत्रो आशा अपेक्षा गर्यो गरिबहरुको पक्षमा राम्रो काम गर्ला, जनताको पक्षमा राम्रो काम गर्ला, विगतका सरकारहरु त अझ बढी अग्रगामी हिसाबले अगाडी बढेर काम गर्ला भन्ने आशा गर्नु स्वभाविक हो । राष्ट्र हितका कुराहरु देखि लिएर सबै कुरामा विश्वास राखेर जनताले साथ दिएकै जस्तो लाग्छ । तत्पश्चात पनि संघीय सरकार पूर्ण तया फेल भएको अवस्था त्यस पछि प्रदेशमा पनि पूर्णतया असफलतातिर दौडि राखेको अवस्था त्यसले संविधानमै ठुलो प्रश्नचिन्ह खडा गरेको संविधानमा लेख्दा खेरिको, संविधानलाई बनाउदाखेरिको भन्दा पनि यसको

व्यवस्थापन गर्न नसक्नु यसको जिम्मेवारी पाएको सरकारमा बसेका आदणीय नेताहरुले नसक्नु यसको मुल परिणाम भोग्ने काम हो । त्यसैले यि कुराहरु विगतमा भए त्यस पछि यही सन्दर्भमा हामीले हेर्यौं केही सीमाका कुराहरु पनि भातले केही सीमा मिचेका कुराहरुमा राष्ट्रव्यापी रुपमा एकता भएको थियो । सबै दलहरुले हामी प्रतिपक्षमा भएर पनि पूर्णतया समर्थन गर्यौं त्यो २०७७ कै महत्वपूर्ण कार्यजस्तो लाग्छ एउटा ऐतिहासिक काम जस्तो लाग्छ तत्पश्चात सरकारले त्यसलाई कार्यान्वयन गर्ने सन्दर्भमा त्यत्रो पूर्णतया सबैले साथ दिदादिदै पनि त्यसको कार्यान्वयन पक्ष सारै शुन्य अवस्था हुनु दुखदायि कुरा हो । त्यसपछि अर्को सन्दर्भ एउटा के छ भन्दा खेरि २०७७ सालमा जुन हिसाबले जनताबाट अनुमोदित भए पश्चात हरेक तह र तप्कामा जुन हिसाबले जुन अकरमन्यता भन्छु म देखियो जुन हिसाबले राजनितिक बेइमानीहरु देखियो यसले के देखाउछ भन्दा खेरी जनतामा एउटा राजनितिककर्मीहरु प्रति समग्र प्रति पनि ठुलो प्रश्न जनतामा आएको छ । यसको जिम्मेवारी त कसैले लिनु पर्ला नि त्यो केही सानो २०७७ को हेर्दा सानो पनि एउटा नैतिकताको प्रश्नहरुमा विशेषगरि नैतिकता देखिएन जिम्मेवारी लिने बोधहरु पनि देखिएन दम्भका साथ देश एकातिर जावस जनता एकातिर जावस हामी एकातिर जान्छम भन्ने हैकमवादी शैलीले पूर्णतया स्वेच्छाचारी सैलीले अगाडी बढ्दै गएको अवस्था समग्र देशमा थियो नै अहिले बर्तमान अवस्थामा पनि छ । त्यस कारण चाहि अहिले नैतिकताको ठुलो खडेरीको अवस्था देखिएको छ । पञ्चायत कालमा पनि मैले देखेको थिए एउटा स्टेडिएममा हावाहुरीको कारणले ७०-८० जना मर्दा शिक्षामन्त्री जस्तो पदमा त्यहा गेटमा बसेको त हुदैन चावी उसको हातमा हुदैन ततपश्चात पनि एउटा खेलकुद मन्त्रीको हैसियतले त्यत्रो दुर्घटना हुनु त्यसमा सही व्यवस्थापन हुन नसक्नु नैतिक रुपले मैले राजिनामा गर्छु भनेर ती व्यक्ति पनि यही देशमा त्यही पञ्चायत कालमा जसलाई हामीले बारम्बार गाली गर्थ्यौं अप्रजातान्त्रिक शक्ति भनेर भन्थ्यौं तिनले पनि नैतिकता देखाए तर हामी लोकतन्त्रमा विश्वास गर्ने लोकतन्त्रको दुहाइ गर्ने र जनताको पक्षमा काम गर्ने दुहाइ गर्ने हामीहरु आज एक इन्च पनि हामी सँग छैन पुर्णतया नैतिकताको खडेरी परेको महसुस भएको छ । अब त्यही सन्दर्भमा प्रदेशमा पनि हेर्यौं हामीले हाम्रै प्रदेशमा बास्तवमा नेपाली जनता सुदूरपश्चिम प्रदेशका जनताहरुको अरु केही आशा थिएन । दुइतिहाइ भन्दा बढीको सरकार नेकपाको यही थियो अहिले सर्वोच्च अदालतले नेकपा एमाले बनायोहोला त्यसपछि नेकपा माओवादी केन्द्र भो त्यो अर्कै कुरा होला अब न्यालयको कुरा मान्ने पर्यो यो स्थिति सृजना त भो तर पनि यत्रो दुइतिहाइ भन्दा बढीको सरकारले विगत तीन बर्षो दौरानमै काम गरेको हेर्दा जनता खुशी पार्ने अवस्था देखिदैन । योजनाहरु बन्छन योजनाहरु पनि प्रिपिएड योजनाको रुपमा व्यापक रुपमा टोलटोलमा प्रचार माथि हुम्लादेखि दार्चुला देखि बझाङ बाजुरा देखि लिएर हरेक ठाउँमा प्रिपिएडका कुराहरु यही सुनिन्छन त्यस कारण चाहि भ्रष्टाचारको सन्दर्भमा पनि व्यापकता बढ्यो आज सुदूरपश्चिमको स्थिति हेर्दा यति सुन्दर ठाउँ यति सबै कुराले परिपूर्ण भएको ठाउँ आज सबैको एकताका साथ विकास प्रति हामी जिम्मेवार भएर अगाडी बढ्ने बेला प्रतिपक्ष पनि एक किसिमले धेरै सहनशील र धेरै विकासिल कुराहरुमा सहमति गर्ने कुराहरु बारम्बार देखिएकै कुरा यि सबैका बावजुत पनि पूर्णतया सरकार असफल हुनु सुशासनको नाममा सुशासन ऐन पास गर्यौं २०७५ साल भित्रै पास गर्यौं तर त्यसको कार्यान्वयन पनि २०७७ सालमा पनि भएन अहिले आएर ०७८ सालमा त्यो कार्यान्वयन होस भन्ने म कामना गर्न चाहान्छु । पूर्णतया यही सुदूरपश्चिम मात्रै होइन

यस्तै प्रदेशहरुको कारणले व्यवस्थापकीय पक्षहरुको कारणले र स्वार्थबसको हिसाबले अहिले यसलाई ट्रान्सप्यारेन्सि इन्टरन्यासनलले विगतका तीन बर्ष अगाडीका सुचाङ्कमा अहिलेको यहाको करप्सन परप्सन इन्डेक्समा चाहि उकालो माथितिर दौडियो हाम्रो प्रदेशमा राम्रो गरिएको देखिएन । समग्र देशकैस्थिति पनि राम्रो भएन झन माथितिर उकालो लाग्यो जो अन्तराष्ट्रिय जगतमा पनि यत्रो लोकतान्त्रिक सरकार हुदा पनि यो हुनु दुखदायि कुरा थियो । त्यस पछि यी कुराहरुले अर्को कुरा शान्ति सुरक्षाको हकमा पनि अझ सम्म निर्मला पन्तले न्याय पाएकी छैनन ज्यूका त्यू छ त्यस्ता तमाम बालबालिकाहरुको अवस्था त्यही छ त्यसमा पनि समग्र रुपमा सरकार फेल भएको अवस्थामा छ हामी दोष दिउला संघले सहयोग गरेन होला अरुले सहयोग गरेनन होला तर समग्र रुपमा यसको व्यवस्थापकिय हिसाबले हेर्दा नेपाल कम्प्यूनिष्ट पार्टीकै साथिहरु यसको जिम्मेवार बढी देखिन्छ । कार्यान्वयन र यसलाई व्यवस्थापन गर्न जनताले दिएको म्यान्डेट अनुसार त्यस कारण यि कुराहरु छन् त्यसपछि कृषिको हकमा पनि मैले हेरे बारम्बार कृषि प्रदान देश विशेष सुदूरपश्चिम पनि कृषिकै हिसाबले अलिकति मान्छेहरुको परक्यापिटा विशेष गरि त्यहाको एउटा चाहि मेजर ग्राहेस्त उत्पादनको मेजर कृषिबाट हुन्छ झण्डै झण्डै ३८ प्रतिशत यही क्षेत्रले दिन्छ त्यस क्षेत्रमा लगानी गर्दा त्यो क्षेत्रलाई बढाउने सन्दर्भमा मल बीउ विजन आदीको कुराहरुमा पनि तीन बर्षको दौरानमा शुरुको बर्ष भन्दा पनि पछि हुदा हुदा २०७७ साल सम्मको दौरानमा हेर्दा पनि पूर्णतया असफल भएको हामीले पायौ । जसको उत्पादनको कारणले यहाँको इकोनोमिक आर्थिक स्थिति बढ्नेवाला छ जसको कारणले आज सुदूरपश्चिमको उन्नती प्रगतिमा ठुलो टेवा पुग्छ त्यो सेक्टर पनि झण्डै धरासय अवस्थामा हुदा हुदा बीउ विजन पनि नक्कली बीउ विजन बाडिएको हुदा हुदा मल चाहिने ठाउँमा नक्कली भातबाट आयात गर्नु पर्ने ठाउँमा अन्य माध्यमबाट आउनु पर्ने स्थिति त्यस कारण सरकार पूर्णतया फेल रहेको हामीले पायौ त्यसैले यि कुराहरुमा चाहि सबै कुराहरुमा हेर्दा प्रवासिहरुलाई कोरोना संकटमा व्यवस्थापनको कुरा हेर्दा यि सबै कुराहरुमा फेल भएको अवस्था छ सरकार बास्तवमा सिर ठाडो गरेर हिड्ने अवस्थामा देखिदैन सुदूरपश्चिम प्रदेश सरकार पनि त्यसैले म के देख्छु भन्दा खेरि किन भने अब २०७८ यो आइसक्यो २०७८ आउदा मैले अस्थि भर्ख हेरे अब त ३१ गते मैले हेरे यहाँको हिसाब सोधे ८ महिनाको हिसाब सोध्दा २०.७२ प्रतिशत खर्च भएको थियो । यो आर्थिक बर्षको मात्रै ९ महिनाको अन्तिम दिनको पनि हेर्दा झण्डै अहिले २९. केही प्रतिशत खर्च भएको छ अब ३ महिनामा बाँकी झण्डै झण्डै अहिले ९ अरब ९३ करोड रुपैया मात्रै खर्च भा को छ एभरेजमा साला खाला अब हामीले झण्डै झण्डै ३३ अरबमा भन्नुस कति खर्च गर्न बाँकी छ अब हामीले फेरी २०७८ को यति महत्वपूर्ण नयाँ साल हुदा हुदै पनि हाम्रा विगतका कामले गर्दा २०७८ को पनि केही महिनाहरुमा पनि सम्पूर्ण दोषहरु यही आउनेवाला देखिन्छ । यो सबै यो सरकारको अकरमन्यताको कारणले, असक्षमताको कारणले यो अवस्थामा पुगेका छौ आज विगत शुरुको बर्ष २०७४-०७५ मै अल्पकालिन बजेट आयो होला, ०७५/०७६ मा पूर्णकालिन आयोहोला, ०७६/०७७ मा पूर्णकालिन आयो तर अहिले आउदा खेरि के अवस्थामा छौ त हामी विगतमा कर्मचारी थिएन होला, नीति नियम थिएन होला अहिले के छैन तत्पश्चात पनि हामी पूर्णतया असफलतिर दौडिएका छौ त्यसैले यो खर्च हेर्दा यो सबै कुराहरु हेर्द के देखिन्छ भन्दा खेरी धेरै कुराहरुमा हामी पछाडी छौ विगतमा तर यो २०७८ सालको अब २-३ महिना त्यो फेरी सम्पूर्ण भाग पर्ने नै छ तर बाँकी भएका महिनाहरुमा कमसेकम

एउटा हामी सबैको सहमतिका साथ सहकार्य गरेर कमसेकम अब हामी भ्रष्टचार गर्दैनौ, अब हामी जनताको पक्षमा गर्छौं भनेर बाँकी भएको केही महिनाहरु जो छ प्रदेश सरकारका प्रदेश सभासद साथिहरुका हामीहरुको त्यसमा कमसेकम केही देखाउने खालका कामहरु गर्न सकौ त्यसको लागि यो सरकार निर्माण गर्ने देखि लिएर यावत कुराहरु सहकार्य गरेर सही बाटोमा र विगत ३ बर्षमा गरेका सबै कमिकमजोरीहरुलाई मेटाएर नयाँ ढंगले यो छोटो अवधीमा पनि केही गर्न सक्ने बातावरण बनोस मेरो शुभाकामना पनि छ साथै एउटा कुरा के छ भन्दा खेरी अहिले हामीले ध्यान दिनु पर्ने के छ भन्दा एउटा परिस्थिति भिन्न हिसाबले अगाडी बढ्दै गएको छ सबैमा के छ भन्दा खेरी प्रदेश नभए हुन्छ भन्ने किसिमको माहोल देशभरी फैलाउन थालिएको छ त्यस कारण पनि यो प्रदेश भनेको युनिकवेस अहिलेको संविधानको मौलिकता प्रदेश भएको हुनाले म सम्पूर्ण आदणीय सभामुखज्यू मार्फत सबै साथिहरुलाई अनुरोध गर्न चाहान्छु कमसेकम हामीले एउटा उदाहरणीय काम गरौ र नचाहिने ठाउँमा खर्च नगरेर बदमासी नगरेर सुशासनतिर अगाडी बढेर हामीले पास गरेका ऐन कानूनहरुलाई मनन गरेर मान्यता दिएर त्यो अनुसार अगाडी बढ्यौ र आउदा दिनहरुका कमिकमजोरी मेट्न सक्छौ र त्यसबाट शिक्षा लिएर अगाडी बढौ र नयाँ शुरुवातका साथ अगाडी बढ्न हामी सबै प्रेरित हौ सबै माननीयज्यूहरु जनताबाट अनुमोदित भएर आउनु भएको छ सबैको सम्मान होस र आउदा दिनहरुमा यो प्रदेशका मैले शुरुमै भन्ने गर्थे हामी संस्थापक पनि हामी अन्तिम पनि हामी नहुने बातावरण बनोस यही शुभकामनाका साथ विदा हुन्छु धन्यवाद नमस्कार जयनेपाल ।

**माननीय अक्कल बहादुर रावल**

माननीय सभामुख महोदय, हामी २०७८ साललाई स्वागत गरिरहेका छौ र २०७८ सालमा हामी प्रवेश गरिरहदा हामी २०७७ सालतिर समिक्षा गर्दै २०७७ सालमा भएका राम्रा कुराहरु र २०७७ सालमा भएका नराम्रा कुराहरु दुइवटैको आकलन गरेर २०७८ सालमा त्यसो नहोस भन्नका निम्ती हामी शुभकामना दिने कामना गर्ने र त्यसका लागि प्रयत्न गर्ने ठाउँमा उभिएका छौ । त्यसैले म नयाँ बर्ष २०७८ को अवसरमा मेरो संसदीय दलको तर्फबाट, हाम्रो पार्टी नेपाल कम्प्यूनिष्ट पार्टी (माओवादी केन्द्र) को तर्फबाट र आम जनसमुदायको जसले हामीलाई यो प्रदेश सभालाई अत्यन्तै आशाको दृष्टकोणले संघीयताको दृष्टिकोणले र संघियता लागु होस भन्ने चाहानाको दृष्टिकोणले नजिकको सरकारको दृष्टिकोणले नजिकको प्रदेश सभा संसदको दृष्टिकोणले नजिकको एउटा आशाको किरणको रुपमा हेरिरहेका छन् ति आम जनसमुदायको तर्फबाट पनिम यो नयाँ बर्ष अत्यन्तै सफल हुने छ संघीताका आखाँले पनि सफल हुने छ र संघीयतालाई असफल पार्ने तत्वहरु पनि असफल हुने छन् भन्ने दृष्टिकोणले भन्ने म विश्वास व्यक्त गर्न चाहान्छु । त्यसैले २०७७ साललाई समिक्षा नगरी २०७८ साललाई हामीले सफलताको कामना गरेर मात्रै हुनेवाला छैन हामीले विगतका बर्ष झै विगतका बर्षमा पनि यसै प्रदेश सभाको मञ्चमा आएर २०७७ साललाई स्वागत गरेका थियौ तर २०७७ साल सफल होस भन्ने हामीले कामना प्रकट गरेका थियौ यसै मञ्चबाट तर हामीलाई थाहा थिएन । हामीलाई थाहा थिएन की २०७७ सालमा संविधानको घाटी निमोठिने छ भन्ने हामीलाई थाहा थिएन यद्यपी हामीले स्वागत गरेका थियौ । २०७७ सालमा संविधान माथि प्रहार भयो ऐतिहासले २०७७ साललाई विर्सिने छैन यो अर्थमा

कि २०७७ सालमा जननिर्वाचित संसद विगठन भयो जहा संविधानमा कतै पनि व्यवस्था नभएको कुरा लागु भयो । लागु गर्ने चेस्टा गरियो आज यदी त्यो चेस्टा सफल भएको भए आज भस्मासुरको कदम सफल भएको भए आज हामी चुनावको माहोलमा हुने थियौ आज आज हामी उम्मेदवार भएर गाउँ गाउँमा भोट माग्दै पाच बर्ष नपुग्दै हामीलाई फेरी भोट देउ फेरी हामी शान्ति स्थायित्व र समृद्धिका निम्ती फेरी आएका छौ भनेर जनतालाई बेकुप बनाउन फेरी जान खोज्दै थियौ त्यसैले गर्दा शासक ठिक नभए पछि हामीले कामना गरेर मात्रै पुग्दैन त्यसैले गर्दा हामीले हामीलाई असल शासक र असल शासन व्यवस्था पनि चाहिन्छ । शासन व्यवस्था राम्रो हुदा हुदै पनि शासक असफल हुने शासक अलिकति भष्मासुर टाइप जन्मियो भने त्यसले देशलाई विखण्डन तिर अध्यारो सुरुङतिर लैजान्छ भन्ने कुराको दृष्टान्त २०७७ सालले हामीलाई सिकाएको छ त्यसबाट बचेर ०७७।०७८ साल अब ०७८ सालमा त्यसबाट बचेर अगाडी बढ्ने छ भन्ने पनि म कामना गर्न चाहान्छु त्यसैले गर्दा हामीलाई थाहा छ ०७७ सालमा कोभिडका कुरा भनिराख्न परेन ०७७ सालमा विश्वव्यापी रुपमा कोभिड-१९ को एउटा ठुलो आतंक हाम्रो अगाडी आयो सँग सँगै के हो भने संसद एउटा राजनितिक आतंक पनि आयो कोभिडका सँग सँगै कोभिडलाई नियन्त्रण गर्ने त्यसलाई आम जनताहरुमा फैलिनबाट जोगाउनका निम्ती गरिनु पर्ने पर्यत्नहरु र पछिल्लो चरणमा हामीले भ्याक्सिन लगायतका कुराहरु जो आम जनताको पहुँच सम्म पुर्याउने कुराबाट हामी बञ्छित भयौ लगानी त्यतातिर गराउने भन्दा पनि आम जनताको स्वास्थ्य क्षेत्रमा लगानी केन्द्रीत गर्नु भन्दा पनि हामी चुनावमा खर्च गर्नेतिर ध्यान हाम्रो जादा खेरी आम जनताको स्वास्थ्यस्थितिमा फेरी पनि चिन्ता प्रकट गर्नुपर्ने अवस्था सृजना भएको छ । हामीले अनुदानमा दिएको चाइनाले दिएको खोप पनि लामो समय सम्म महिनौ सम्म थन्किनुपर्ने अवस्था सृजना भयो त्यसैले गर्दा यस्तो खालको शासन प्रणाली यस्तो खालको शासन व्यवस्था यस्ता खालका शासकहरु भए सम्म जनताको जीवनको पनि ग्यारेन्टी छैन त्यसैले त्यसका निम्ती पनि हामीले आ-आफ्नो क्षेत्रबाट खबरदारी गर्दै २०७८ साललाई सफल पार्नु पर्ने कुरा छ त्यसैले सबै खालका कुरा गफ मात्रै गरे देश चलाउने भन्दा पनि टुक्काले देश चलाउने अब अवस्थाको अन्त्य हुने छ त्यस् शासन व्यवस्था त्यस्तो शासकको पनि अन्त्य हुने छ जस्तो लाग्छ २०७८ सालमा त्यसैले गर्दा आगामी समयहरु हामीलाई धेरै कुराहरु हामीले गर्नुपर्ने कुरा छ ती कुराहरुलाई व्यवहारिक रुपमा हामीले संविधान अनुसार संविधानको रक्षा गर्दै, संविधानको विकास गर्दै संघीयता अनुसार संघीयतालाई खोस्ने होईन संघीयतालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्ने एउटा शासन सत्ताको र त्यस्तो खालको संविधानमा व्यवस्था भए अनुसारको नेतृत्वको पनि विकास भएर अगाडी बढ्ने छ भन्ने कुराको कामना गर्दै म नयाँ बर्षको उपलक्ष्यमा सम्पूर्ण आमाबुवा, दाजुभाइ, दिदीबहिनीहरुमा यस प्रदेश सभा मार्फत र सभामुखज्यू मार्फत हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहान्छु धन्यवाद नमस्कार ।

**माननीय कृष्ण बहादुर चौधरी**

माननीय सभामुख महोदय, विश्वव्यापी महामारी कोरोना से जितेइलक स्वास्थ्य मापदण्ड पालन करि साझ संकल्प करके साझ संकल्पके साथ करि हामरे सामना विश्वव्यापि महामारी कोरोना से जितेकलाक स्वास्थ्य मापदण्ड पालन करती साझ संकल्पके साथ करि हामरे सामना लावा साल २०७८ के साल

नेपाली दाजुभैया दिदीबहिनी हुकरन शान्ति समृद्धि सुशासन ओध्यौ प्रगति हुइके हार्दिक मंगलमय शुभकामना हार्दिक मंगलमय शुभकामना । सभामुख महोदय यि पटक तीन पटक यि पटक मिलाके तीन पटक मिलाके ए ठाउँ से सुदूरपश्चिम प्रदेश हमार देश नेपाल मजहोइ कहिके शुभकामना देइआइलटी अप शुभकामना देइफेर लाज लागइजकरठ कारण कि शुभकामना देइलेख अर्थअविलक पुरा नहिहुइल हो यि चाहि बडा दुखके बात खास कहिके २०७७ साल तुलनात्मक रुपसे हमारलक हमार देशके लक हमार सुदूरपश्चिम बासिनके लक खराब रहिनजैसिल महिठ लागट कारण कि २०७७ सालमे प्रवेश करति करति हमार छिमेकी देश चाइनासे शुरु हुइल कोरोना देशभर गाजल हमार देश नेपालमे फि प्रवेश करल यिनसे हमफि पिडा भोगली उसठके ०७७ सालमे बढवार बढवार बहि आइलस पहाड ओर पहिरो गइलस एमने बहुत भारी जनधन के क्षति बेहोरे पुगली हमरे वत्रके नाहि गइल दुइ-तीन महिना यहोरसे देशभरके बनमे आगिलागल गाउँ बस्ती मे फे आगि लागके बहुत घर जलके जनधनके क्षति पुगल वत्रके नहिहुइल हमार देश नेपालमे बलत्कारके घटना बहुत बडल हमार ए सुदूरपश्चिम प्रदेशमे शारदा भट्ट बाबुके बलत्कार हुइल हत्या होइलस ए बेहोरेल परल वत्रोके नहिहुइल विमानके चालक दुइ ठो डाडुभइया हमरे तीन करोड नेपालीयोकरन छोडके लैजाइटी कहेलेरही सोरगमतो पुगेनहिसकल नरकमे लैजाके विमान ठोकादेहिनहि यि तीन करोड नेपाली डाडुभैया दिदिबहिनीहोकन व भूमरिमे धकेलदेइनइ महि कलक खास करके संसद विगठन हुइन असंवैधानिक कदम चाला गइल दादुभैयानके कुरसिके बात नामिलके मकमुक्का मारामार हुइल पार्टी फुटाफुट हुइल अबए संघमे वसठके प्रदेशमे चाहि का करना कैसि करना कन एक खालक बरवार भइचालो गइलबावै यि अइसिन अइसिन बहुत क्षति हमरे बहुरली यी हमार सुदूरपश्चिम बासिके लक नही सारा देशबासिकेलक दुखत साल गइलस अब हमार सुदूरपश्चिम प्रदेशके बारेमे प्रदेश सरकारके बारेमे प्रदेश सरकार करल कामके बारेमे तो यिनसे पहिले बोले माननीयके बतासकेइ कतरादेर बतारहु महिभि बतासकलबाटु पुरा नहि हुइट यी आर्थिक बर्ष करिब करिब अब वराइटा दुइ महिना चान चुन सभा दुइमहिना कहसे हुइली रहिगिलबा अधिने ०७७/०७८ के योजना चाहि बडा कमरुपमे चाहिसिन देखा परट शुरु हुइल कहि ठाउँ तो ठेकेदार गायब बाटै ठेक्का दे चिज अभि पुरा हुइनहि सकल यि कारणले यि सुदूरपश्चिम प्रदेश सरकार सरकारके करल काम चाहि विलकुल कमजोर अवस्थामे बा अब मेन एकपटक हमार कहल सोल महिने हुइसे अठार महिना हुइसकठ झण्डै झण्डै हमरी यी गलत कदम चाललके विरुद्धमे हामने नेपाली होके उठलि रोकलि रोकेनहिसकल रहेठि अब चुनाव आउलरके साहेद बैशाख १७ व २७ गते कहल रहे मतगणना हुइ या परिणाम आइसकट वस्ठम पुगलरहे त यी चाहि हमारलक ०७७ साल बडा दुखद साल हुइलकन महि लागट व्यक्तिगत हिसाबसे अब हमारे हमार रहली छोट समय भितर एकचोटफे यहाके राजनितिक दल यहाके सरकार बडिया से छातिमे हात धैके समिक्षा करठि मजासे काम करके एकचोटी सुदूरपश्चिमके इतिहास रचके जाइकन कहाइ हो यि चाहि यि साल ०७८ के आज हमरे तीन गते लावा सालके तिस्रा दिन बाटी यी साल हमारे सक्कु जानेके सुदूरपश्चिमके यी प्रदेश सभामे प्रतिनिधीत्व करल तीन दल कहटी कहटी चार दल फेर हमरे एकचोट साझा संकल्प करि प्रतिबद्धता जनाई हमार ठाउँ रहल छोट समयमे हमरे यि प्रदेशके लक सारा देशके लक एकठो नमुना बनके देखाइ अपन व्यक्तिगत स्वार्थ, आपन पार्टीगत स्वार्थ, आपत खराब सोचाइ प्रवृत्ती नचाहे विल्कुल हमरे निरुत्साहित करके यी प्रदेशके तीस

लाख जनता हुकलन करिब करिब हमरे यि सरकार जइटी जइटी बेलामे ठोर से बरिया काम करके गइलकहना एकठो बातावरण सृजना करटी यी सालमे हमार सरकारकेहिन सुदूरपश्चिममे प्रतिनिधित्व करल सकु दलके माननीयहुकहन सदबुद्धि आइ कहटी यी ०७८ साल मजासे विते कहना शुभकामना देटी अपन यत्थे वराइठु विदा होइठु नमस्कार

माननीय सदस्यहरु,

अब, **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, अर्थ विकास तथा प्राकृतिक स्रोत समितिका सभापति माननीय हर्क बहादुर कुँवरलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथि समितिमा दफावार छलफल भई तयार भएको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुखज्यू, मिति
२०७७।१२।३१
प्रदेश सभा, सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली, नेपाल ।

विषय :- **सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०७७** सम्बन्धी समितिको प्रतिबेदन ।

माननीय सभामुख महोदय,

सुदूरपश्चिम प्रदेश सभाको मिति २०७७।१२।२७ बसेको सातौ अधिवेशनको १७औं बैठक **सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०७७** माथि दफावार छलफल गर्नका लागि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा प्राप्त भए पश्चात उक्त विधेयक माथि दफावार छलफल गरि समितिको निर्णय सहितको प्रतिबेदन पेश गर्न बैठक बसि विस्तृतरुपमा दफावार छलफल गरि समितिको निर्णय सहितको प्रतिबेदन पेश गरिएको छ ।

दफावार छलफलका बैठकमा देहाय बमोजिमका माननीय सदस्यज्यू तथा आमन्त्रितहरुको उपस्थिति रहेको थियो ।

**देहाय**

१. माननीय दीर्घ बहादुर सोडारी -सदस्य
२. माननीय देवराज पाठक -सदस्य
३. माननीय अक्कल बहादुर रावल -सदस्य
४. माननीय अम्बी कुमारी थापा -सदस्य
५. माननीय कृष्ण बहादुर चौधरी -सदस्य

६. माननीय भरत बहादुर खड्का -सदस्य
७. माननीय प्रेम प्रकाश भट्ट -सदस्य
८. माननीय पूर्णा जोशी -सदस्य
९. माननीय महेशदत्त जोशी -सदस्य
१०. माननीय रतन बहादुर थापा -सदस्य

**आमन्त्रित**

आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाह

प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष श्री केशर बहादुर साउद

आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव श्री रघुराम विष्ट

**संशोधन तथा थप हुनु पर्ने विषयहरु**

| क्र. स. | दफा | विधेयकमा रहेको साविक व्यवस्था | संशोधन वा थप हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | २(झ) | "सचिव" भन्नाले प्रादेशिक मन्त्रालयको सचिव सम्झनु पर्छ र सो शब्दले प्रदेश अन्तर्गत गठित कुनै निकायको हकमा त्यस्तो निकायको सचिव वा प्रशासकीय प्रमुखका साथै प्रदेश सरकारका सबै मन्त्रालयका प्रशासकीय प्रमुख समेतलाई जनाउनेछ । | "सचिव" भन्नाले **प्रदेश सभाका सचिवआयोगका , सचिव तथा** प्रादेशिक मन्त्रालयका सचिव सम्झनु पर्छ र सो शब्दले प्रदेश अन्तर्गत गठित कुनै निकायको हकमा त्यस्तो निकायको सचिव वा प्रशासकीय प्रमुखका साथै प्रदेश सरकारका सबै मन्त्रालयका प्रशासकीय प्रमुख समेतलाई जनाउनेछ । | प्रदेश सभा सचिव र आयोगका सचिव थप गर्नु पर्ने भएकाले |
| २ | ६(१) | आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि उपलव्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमा पुर्वानुमान प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले चालु आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्नु पर्नेछ । | आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि उपलव्ध हुने स्रोत तथा गर्न सकिने खर्च सीमाको पुर्वानुमान योजना आयोगले आर्थिक मामिला मन्त्रालयको समन्वयमा चालु आर्थिक वर्षको **फाल्गुन मसान्त भित्र गरिसक्नु पर्नेछ तर आको बजेट निर्माण गर्ने ०७९।०७८.व. प्रयोजनको लागि यो समय सीमा लागु हुने छैन ।** | प्रदेश नीति तथा योजना आयोग गठन भइसकेको र संघीय सरकारबाट समयमै बजेट सिलिङ प्राप्त नभएकोले |
| ३ | ७(१) | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा निर्माण गरी चालु आर्थिक वर्षको फागुन महिनाको दोश्रो हप्ताभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय र निकायमा निकायगत बजेट सीमा उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी सीमा र मार्गदर्शन पठाइसक्नु पर्नेछ । यस्तो मार्गदर्शन पठाउँदा आवधिक विकास योजना र त्रिवर्षिय खर्च संरचनालाई आधार मान्नु पर्नेछ । | योजना आयोगले स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा निर्माण गरी चालु आर्थिक वर्षको **चैत्र २५ गते भित्र** सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय र निकायमा निकायगत बजेट सीमा उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी सीमा र मार्गदर्शन पठाइसक्नु पर्नेछ । यस्तो मार्गदर्शन पठाउँदा आवधिक विकास योजना र त्रिवर्षीय खर्च संरचनालाई आधार मान्नु पर्नेछ तर आको बजेट निर्माण प्रयोजनका ०७९/०७८.व. लागि बैशाख पहिलो हप्ता भित्रसम्बन्धित मन्त्रालय, आयोग, सचिवालय र निकायमा निकायगत बजेट सीमा उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी सीमा र मार्गदर्शन पठाइसक्नु पर्नेछ । | प्रदेश नीति तथा योजना आयोग गठन भइसकेको र मुल ऐनको दफा ६को (१) संशोधनका कारण । |

| | | | | |
|---|---|---|---|---|
| ४ | ९ | **उपदफा :(१)** प्रत्येक आर्थिक वर्ष यस ऐन बमोजिम विनियोजन विधेयक प्रदेश सभामा पेश गर्नुभन्दा कम्तिमा एक महिना अगावै प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीले विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रम सिद्धान्त,उद्देश्य , प्राथमिकता र प्रमुख नीतिहरु सहितको पूर्व बजेट तयार गरी प्रदेशसभामा प्रस्तुत गर्नुपर्नेछ ।<br>**उपदफा** )२:( प्रदेश सभाले उपदफाबमोजिम (१) पूर्व बजेट पेश भएको एक महिनाभित्र सो माथि आवश्यक छलफल गरी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयलाई उपयुक्त सुझाव तथा निर्देशन उपलब्ध गराउनेछ । | **उपदफा :(१)** प्रत्येक आर्थिक वर्ष यस ऐन बमोजिम विनियोजन विधेयक प्रदेश सभामा पेश गर्नुभन्दा कम्तिमा **पन्ध्र दिन** अगावै प्रदेश आर्थिक मामिला मन्त्रीले विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रम सिद्धान्त ,उद्देश्य , प्राथमिकता र प्रमुख नीतिहरु सहितको पूर्व बजेट तयारगरी प्रदेशसभामा प्रस्तुत गर्नुपर्नेछ ।<br>**उपदफा** )२:( प्रदेश सभाले उपदफाबमोजिम (१) पूर्व बजेट पेश भएको**सात दिन** भित्र सो माथि आवश्यक छलफल गरी प्रदेश आर्थिक मामिला मन्त्रालयलाई उपयुक्त सुझाव तथा निर्देशन उपलब्ध गराउनेछ । | पुर्व वजेट पेश गरिसकेपछि वजेट पेश गर्नुभन्दा केहि समय अगावै आर्थिक मामिला मन्त्रालयलाई सुझाव तथा निर्देशन उपलब्ध हुने भएकोले । |
| ५ | ११ क१)) | ................ | **“आर्थिक मामिला मन्त्रालयको स्वीकृति बेगर कुनै पनि कार्यालयले बहुवर्षीय दायित्व सिर्जना हुने गरी खर्चको प्रतिबद्धता जनाउनु हुँदैन तर आफ्नै कार्यालयको बार्षिक बजेटबाट दायित्व व्यवस्थापनको सुनिश्चितता भएको अवस्थामा स्वीकृति लिई रहनु पर्ने छैन”** | संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन , २०७६ सँग तादात्म्यता कायम गर्न तथा आर्थिक अनुशासन कायम गराउन। |

माननीय सभामुख महोदय,

उपरोक्त संशोधन तथा थप गर्नु पर्ने विषयहरु **सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०७७** मा समावेश गरि उक्त विषयलाई विधेयकको अंग बनाइ सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम यो प्रतिबेदन प्रस्तुत गरेको छु। अन्तमा यो प्रतिबेदन तयार पार्न सहयोग पुऱ्याउँने सचिवालयका कर्मचारी सहित सम्पूर्ण अर्थ विकास तथा प्राकृतिक स्रोत समितिका माननीय सदस्यज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु ।

**प्रस्तुतकर्ता**
माननीय हर्क बहादुर कुँवर
सभापति
अर्थ विकास तथा प्राकृतिक स्रोत
समिति
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ । अर्को वैठक मिति २०७८ साल वैशाख ५ गते आइतबार दिउँसो १:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि वैठक स्थगित भएको घोषणा गर्दछु ।